# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदुरपश्चिम प्रदेश

प.सं. २०७८/७९
च.नं.

## पशुपंछी वजार प्रवर्द्धनका लागि मिटमार्ट स्थापनाका सम्वन्धि सूचना
प्रथम पटक प्रकाशित मिति २०७८/११/०३

यस कार्यालयको आ.व. २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत पशुपंछी वजार प्रवर्द्धनका लागि मिटमार्ट स्थापना कार्यक्रम रहेकोले देहाय बमोजिम ५० प्रतिशत अनुदानमा मिटमार्ट स्थापना कार्यक्रम गर्न ईच्छुक माछामासु विक्रि वितरणको लागि दर्ता भएका मासु पसल /मिटमर्टले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र तपसिल बमोजिमका कागजात सहित प्रस्ताव पेश गर्नु हुन आह्वान गरिन्छ । म्याद सकिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिनको कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्न सकिने छ साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदन छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

| सि.नं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम वढीमा रु. | व्यवसायिले व्यहोर्ने प्रतिशत |
|---|---|---|---|---|
| १ | पशुपंछी वजार प्रवर्द्धनका लागि मिटमार्ट स्थापना कार्यक्रम | १ | २८,५०,०००। | ५० |

**क) मापदण्डहरु**

१) धनगढी उप-महानगरपालिकाको आ.व. २०७८/८९ को बार्षिक नीति तथा कार्यक्रम बमोजिम माछा मासु व्यवसाय संचालन गर्नको लागि ईजाजत पत्र दिन सकिने भनि तोकिएको धनगढी उप-महा नगरपालिका वार्ड नं. १,२,३,४,५,६,७,८ र १३ को क्षेत्रमा मात्र मिटमार्ट संचालन गर्नु पर्ने छ ।

२) धनगढी उप-महानगरपालिका भित्र अन्य क्षेत्रमा दर्ता भएका व्यवसायिले वुंदा नं. १ बमोजिमको क्षेत्रमा मिटमार्ट स्थापना गर्न चाहेमा ठाउं सारी गरि मिटमार्ट स्थापना गर्न सकिनेछ ।

३) आफ्नै घरमा व्यवसाय संचालन गरेको भए सो जग्गाको लालपुर्जाको प्रतिलिपि र भाडामा पसल संचालन गरेको भए कम्तीमा १० वर्ष घर/जग्गा भाडा लिएको सम्झौता तथा बहाल कर तिरेको रसिद पेश गर्नु पर्ने छ ।

६) हाल संचालन गरिरहेको स्थान भन्दा फरक ठाउंमा संचालन गरिने भए सो ठाउंको बुंदा नं.३ बमोजिमका कागजात संलग्न हुनु पर्ने छ ।

२०७८/११/०३

प्रमुख प्रशासकीय अधिकृत

**ख) मिटमार्ट स्थापनाको लागि न्यूनतम शर्तहरु**

१) आउटलेट न्यूनतम  ८०० वर्गफिट क्षेत्रफलमा मिटमार्ट संचालन गर्नु पर्ने छ ।

२) आउटलेटको भित्तामा ६ फिट सम्म सेतो टायल र भुंईमा सेतो टायल वा मार्वल लगाउनु पर्ने छ ।

३) धार्मिक स्थलबाट कम्तिमा १०० मिटर टाढा मिटमार्ट संचालन गर्नु पर्ने छ ।

४) पशुपंछी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि २०७८ बमोजिम मिटमार्ट स्थापनाका लागि आवश्यक निर्माण कार्य, औजार उपकरण खरिद तथा व्यवस्थापन कार्य गरि मिटमार्ट संचालन गर्नु पर्ने छ.।

५) विद्यमान संरचना वा सामाग्रीको लागत प्रस्तावमा उल्लेख गर्न पाईने छैन ।

६) कम्तीमा ३ आर्थिक बर्ष भित्र मिटमार्ट, मासु पसल सुधार तथा पशुपंछी वधशाला निर्माण/सुधारको लागि कुनै पनि सरकारी निकाय वा गैर सरकारी संस्थाबाट ५० हजार वा सो भन्दा वढी नगद अनुदान लिएको भए छनौट प्रकृयामा समावेश गरिने छैन यदि छनौट भए पनि सो अवधिमा नगद अनुदान लिएको खुलेमा जुनसुकै वखत सम्झौता समेत रद्ध गर्न सकिने छ ।

७) पेश भएका प्रस्तावहरुको अध्ययन गरि उपयुक्त प्रस्ताव छनौट गरिने छ ।

**ग) आवश्यक कागजातहरु :**

१) रु. १०। को टिकट टाँस गरेको निवेदन ।

२ नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि

३) कानुन बमोजिम मिटमार्ट/मासु पसल दर्ता नविकरण प्रमाण-पत्रको प्रतिलिपि ।

४) कम्पनीमा दर्ता भएका माछामासु पसल/मिटमार्टले लेखा परिक्षण गरेको प्रतिवेदन र करचुक्ता रसिदको प्रतिलिपि तथा अन्य माछामासु पसलले कर चुक्ता गरेको रसिदको प्रतिलिपि ।

५) आफ्नै घरमा व्यवसाय संचालन गरेको भए सो जग्गाको लालपुर्जाको प्रतिलिपि र भाडामा पसल संचालन गरेको भए कम्तीमा १० वर्ष घर/जग्गा भाडा लिएको सम्झौता तथा बहाल कर तिरेको रसिद ।

६) मिटमार्ट स्थापनाको लागि संचालन गरिने विस्तृत क्रियाकलापको प्रारम्भिक लागत अनुमान सहितको कार्ययोजना ।

७) सम्वन्धित वडा कार्यालयको सिफारिस ।

८. सम्वन्धित तालिम तथा शैक्षिक योग्यता लिएको भए सोको प्रतिलिपि ।

९. घटिमा १० बर्षसम्म प्रस्तावित व्यवसाय संचालन गर्ने प्रतिवद्धता पत्र

१०. पछिल्लो ३ आर्थिक बर्षमा कुनै पनि सरकारी निकाय वा गैर सरकारी संस्थाबाट ५० हजार वा सो भन्दा वढी नगद अनुदान नलिएको व्यहोरा उल्लेख भएको स्व-घोषणा पत्र ।

नोट : निवेदन र संक्षिप्त व्यवसायिक योजनाको नमुना ढाँचा यस उप-महानगरपालिकाको वेबसाईट www. dhangadhimun .gov.np बाट डाउनलोड गर्न सकिने छ वा सम्वन्धित वडा कार्यालय तथा पशु सेवा शाखाबाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि पशु सेवा शाखाको फोन नं. ०९१-५२५०३९ मा सम्पर्क गर्न हुन अनुरोध छ ।

..........................

(रामलाल श्रेष्ठ)

प्रमुख प्रशासकिय अधिकृत

२०८८/११/०३

प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि २

संक्षिप्त कार्ययोजनाको ढाँचा (नमुना)

१. व्यवसायको परिचय :

२. कार्यक्रम सुरु हुने मिति :

३. कार्यक्रम सम्पन्न हुने मिति :

४. लक्षित वर्ग र सम्भावित रोजगारीको विवरण :

५. व्यवसायको आधारभुत विवरण

| क.सं. | संचालित व्यवसायको नाम | व्यवसायबाट उत्पादन हुने मुख्यमुख्य वस्तु | उत्पादन हुने बार्षिक परिमाण | बार्षिक कारोवार रकम | व्यवसायबाट सृजित रोजगार विवरण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

६. संचालन गरिने क्रियाकलापको विवरण

| क.सं. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूचि ३

पशुपंछी वजार प्रवर्द्धनका लागि मिटमार्ट स्थापना कार्यक्रम संचालनका लागि निवेदन पत्र
(नमुना)

मिति : २०७८/११/

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू

धनगढी उप-महा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, धनगढी कैलाली

विषय : प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

त्यस धनगढी उप-महा नगरपालिकाको मिति २०७८/११/०३ गतेको प्रकाशित सूचना अनुसार यस ................................... मासु पसल/मिटमार्टले पशुपंछी वजार प्रवर्द्धनका लागि मिटमार्ट स्थापना कार्यक्रम संचालन गर्न निम्नानुसार कागजात सहित निवेदन गरेका छु/छौ । कार्यक्रम संचालनको लागि प्राप्त रकमको सदुपयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौ ।

संलग्न कागजातहरु